सेञ्चुरी कमर्सियल बैंक लिमिटेड
CENTURY
COMMERCIAL BANK LIMITED
सरल बैंकिङ्ग... सबैका लागि

च.नं. : CCBL/FIN/OTH/078-79/33

मिति : २०७८/०९/०२

श्री नेपाल स्टक एक्स्चेञ्ज लिमिटेड
सिंहदरबार, काठमाडौं ।

विषय - **नगद लाभांश र बोनस शेयर प्रस्ताव सम्बन्धमा ।**

महोदय,

उपरोक्त विषयमा आज मिति २०७८/०९/०२ गते बिहान ८:०० बजे बसेको यस बैंकको सञ्चालक समितिको ३५२औं बैठकको निर्णय बमोजिम २०७८ आषाढ मसान्तसम्म यस बैंकको कायम चुक्ता पुँजी रु. ९,०३,४४,२९,५०२.५०/- मा ५.७५% ले हुन आउने रकम रु. ५१,९४,७९,६९६.३९ (अक्षरेपी रु. एकाउन्न करोड चौरानब्बे लाख उनासी हजार छ सय छयानब्बे रुपैयाँ र उनान्चालिस पैसा मात्र) बराबरको बोनश शेयर वितरण गर्ने र कर प्रयोजनको लागि चुक्ता पुँजीको ०.३०% ले हुन आउने रकम रु. २,७३,४१,०३६.६५ (अक्षरेपी रु. दुई करोड त्रियहत्तर लाख एकचालिस हजार छत्तिस रुपैयाँ र पैसठ्ठी पैसा मात्र) बराबरको नगद लाभांश गरि जम्मा ६.०५% लाभांश वितरण गर्नको लागि प्रस्ताव गरिएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय अवस्थाको विवरण, नाफा- नोक्सानको विवरण र अन्य विवरण तथा अनुसूचीहरु प्रकाशन गर्न तथा प्रस्तावित लाभांश स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा पेश गर्ने निर्णय भएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछौं ।

नेपाल राष्ट्र बैंक र आगामी वार्षिक साधारणसभाबाट पारित भएपश्चात् मात्र लाभांश सम्बन्धी निर्णय कार्यान्वयन हुने व्यहोरा समेत अनुरोध गर्दछौं ।

सहयोगको लागि धन्यवाद ।

भवदीय,

तुल्सी प्रसाद भट्टराई
कम्पनी सचिव

मनोज न्यौपाने
का.मु. प्रमुख कार्यकारी अधिकृत

**बोधार्थ:**

१) श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
२) श्री सेञ्चुरी क्यापिटल मार्केट्स लि., काठमाडौं ।

**संलग्न:** २०७८/०९/०२ गते बसेको यस बैंकको सञ्चालक समितिको ३५२ तऔं बैठकको निर्णयको उतार ।

**Head Office**
GPO Box: 26100, Putalisadak, Kathmandu, Nepal, Ph: 977-1-4412579, 4428392, 4428317, Fax: + 977-1-4441422, SWIFT: CCBNNPKA
Regd. No. 1230/066/067 Email: welcome@centurybank.com.np, Web: centurybank.com.np

नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

सेञ्चुरी कमर्सियल बैंक लिमिटेड
CENTURY
COMMERCIAL BANK LIMITED
सरल बैंकिङ्... सबैका लागि

## मिति २०७८/०९/०२ गते बसेको यस बैंकको सञ्चालक समितिको ३५२ औं बैठकको माइन्यूटको उतार

**निर्णय नं. १ :**

बैंकको आ.व. २०७७/०७८ को वित्तीय अवस्थाको विवरण, नाफा नोक्सानको विवरण लगायत अन्य वित्तीय विवरण तथा अनुसूचीहरु छलफल पश्चात् पारित गरी सो विवरणहरुमा सम्पूर्ण संचालकज्यूहरु तथा अध्यक्षज्यूले हस्ताक्षर गर्नुभयो । साथै, यस बैंकको २०७८ आषाढ मसान्तमा कायम चुक्ता पुँजी रु. ९,०३,४४,२९,५०२.५०/- (अक्षरेपी. नौ अर्व तीन करोड चौवालिस लाख उनान्तिस हजार पाँच सय दुई रुपैयाँ पचास पैसा मात्र) मा ५.७५% ले हुन आउने रकम रु. ५१,९४,७९,६९६.३९ (अक्षरेपी एकाउन्न करोड चौरानब्बे लाख उनासी हजार छ सय छयानब्बे रुपैयाँ उनान्चालिस पैसा मात्र) बराबरको बोनश शेयर वितरण गर्ने र कर प्रयोजनको लागि चुक्ता पुँजीको ०.३०% ले हुन आउने रकम रु.२,७३,४१,०३६.६५ (अक्षरेपी दुई करोड त्रियहत्तर लाख एकचालिस हजार छत्तिस रुपैयाँ पैसठ्ठी पैसा मात्र) व्यवस्था गरी २०७७/०७८ को वित्तीय अवस्थाको विवरण, नाफा- नोक्सानको विवरण र अन्य विवरण तथा अनुसूचीहरु प्रकाशन गर्न तथा प्रस्तावित लाभांश स्वीकृतिको लागि नेपाल राष्ट्र बैंकमा पेश गर्ने निर्णय गरियो ।

**प्रमाणित गर्ने:**

सेञ्चुरी कमर्सियल बैंक लिमिटेड
CENTURY
COMMERCIAL BANK LIMITED
सरल बैंकिङ्... सबैको लागि

..............................
तुल्सी प्रसाद भट्टराई
कम्पनी सचिव

**Head Office**
GPO Box: 26100, Putalisadak, Kathmandu, Nepal, Ph: 977-1-4412579, 4428392, 4428317, Fax: + 977-1-4441422, SWIFT: CCBNNPKA
Regd. No. 1230/066/067 Email: welcome@centurybank.com.np, Web: centurybank.com.np